# Telecom. Newsletter

नेपाल दूरसञ्चार कं.लि. केन्द्रीय कार्यालय, सूचना तथा प्रकाशन शाखाद्वारा प्रकाशित



नेपाल दूरसञ्चार भवन, भद्रकाली, काठमाडौं

Volume 17, Issue 1 No. 97 Nepal Telecom (Nepal Doorsanchar Co.Ltd.) Monthly, Shrawan 2074 (August 2017)


# ल्यान्डलाइन फोन स्तरोन्नतिको शुभारम्भ


उपकरण निरीक्षण गर्ने क्रममा कम्पनीका अध्यक्ष, प्रबन्ध निर्देशक र अन्य पदाधिकारी

नेपाल टेलिकमले हाल सञ्चालनमा रहेका पुराना प्रविधिका पीएसटीएन (ल्यान्डलाइन) टेलिफोन सेवाको गुणस्तर अभिवृद्धि हुने गरी नयाँ प्रविधिमा परिवर्तन गर्न आरम्भ गरेको छ ।

नेपाल टेलिकम सञ्चालक समितिका अध्यक्ष एवं सूचना तथा सञ्चार मन्त्रालयका सचिव महेन्द्रमान गुरुङले २०७४ असार २३ गते कम्पनीको ललितपुरको ग्वार्कोस्थित टेलिफोन एक्सचेन्जमा नयाँ प्रविधिको पीएसटीएन टेलिफोन लाइनबाट कुरा गरी सो कार्यको आरम्भ गर्नुभयो । साथै उहाँले पुरानो टीडीएम प्रविधिको स्वीचिङ उपकरणलाई नयाँ प्रविधिको आइपी बेस्ड उपकरणबाट प्रतिस्थापन गर्दै स्तरोन्नति कार्यको शुभारम्भ गर्नु भयो ।

सोही दिन ग्वार्को एक्सचेन्जका सम्पूर्ण ४ हजार २ सय ४६ लाइन टेलिफोन सफलतापूर्वक प्रतिस्थापन गर्ने कार्य सम्पन्न भएको छ ।

आगामी दुई महिनाभित्रमा मुलुकका एक लाख ३४ हजार पीएसटीएन टेलिफोन लाइनका उपकरणहरुलाई आइपी बेस्ड उपकरणबाट प्रतिस्थापन गरिनेछ । आगामी आर्थिक वर्षभित्रमा कुल चार लाख ल्यान्डलाइन सेवालाई यस प्रविधिबाट प्रतिस्थापन (बाँकी २ पेजमा)

## अनलाइनबाट डाटा प्याकेज

नेपाल टेलिकमले उपलब्ध गराएका विभिन्न डाटा प्याकेज अब अनलाइनको माध्यमबाट नेपाल टेलिकमको वेबसाइटबाटै खरिद गर्न सकिने भएको छ ।

यसका लागि offer.ntc.net.np मा Log On गर्नु पर्छ । त्यसपछि आफूले प्रयोग गर्ने जीएसएम वा सीडीएमए मोबाइलका विभिन्न डाटा प्याकेजहरु छनोट गर्नु पर्छ । विभिन्न डाटा प्याकेजको मूल्य र समयावधि समेत त्यहीं देख्न सकिन्छ । त्यसपछि ग्राहकले आफ्नो मोबाइल नम्बर र PUK नम्बर राख्नु पर्छ । PUK नम्बर थाहा पाउनका लागि म्यासेज बक्समा PUK टाइप गरी १४१५ मा एसएमएस गर्न सकिन्छ । यो सेवा कम्पनीका Dongle मार्फत डाटा प्रयोग गर्ने ग्राहकहरुका लागि निकै उपयोगी हुनेछ । (बाँकी २ पेजमा)

## कम्पनीको ग्राहक आधार १ करोड ७४ लाख

नेपाल टेलिकमको ग्राहक आधार गत २०७४ जेष्ठ महिनाको अन्त्यसम्ममा १ करोड ७४ लाख ४२ हजार ९ सय पुगेको छ । नेपाल टेलिकमले प्रकाशित गरेको पछिल्लो MIS Report मा यो तथ्य प्रकाशित गरिएको छ ।

यस अनुसार जीएसएम मोबाइल सेवाका ग्राहक १ करोड ५१ लाख ६६ हजार, सिडीएमए सेवाका ग्राहक १५ लाख ९४ हजार ८ सय तथा पीएसटीएन टेलिफोन सेवाका ग्राहक ६ लाख ८१ हजार ४ सय रहेका छन् । (बाँकी २ पेजमा)

## धौलागिरिका विकट स्थानमा जीएसएम मोबाइल

नेपाल टेलिकमले धौलागिरि अञ्चलका विभिन्न विकट तथा ग्रामीण क्षेत्रमा जीएसएम मोबाइल सेवालाई नयाँ प्रविधिमा स्तरोन्नति गरेको छ । त्यसैगरी केही नयाँ स्थानमा बीटीएस समेत सञ्चालनमा ल्याएको छ ।

धौलागिरिका चारवटा जिल्ला पर्वत, म्याग्दी, मुस्ताङ र बाग्लुङका शहरी तथा जनघनत्व भएका स्थानमा उच्च गतिको डाटा सेवा उपलब्ध हुने २१ वटा थ्रिजी बीटीएस स्थापना गरी गत वर्षबाट सेवा सञ्चालनमा ल्याइएको छ ।

साथै गत बैशाखदेखि धौलागिरि अञ्चलका दुर्गम तथा ग्रामीण स्थानहरुमा ७४ वटा टुजी तथा उच्च गतिको डाटा सेवा उपलब्ध हुने ३८ वटा थ्रिजी बीटीएस स्थापना गरी सञ्चालनमा ल्याइएको छ । यी स्थानहरु मध्ये कतिपय यस अघि कुनै पनि सेवा नपुगेका स्थानहरु जस्तैः मुस्ताङको मुक्तिनाथदेखि लोमान्थाङसम्मको सम्पूर्ण उपल्लो मुस्ताङ, म्याग्दीको गुर्जा र बाग्लुङको ढोरपाटन पनि रहेका छन् । (बाँकी २ पेजमा)

## पूरक सुविधाको Activation Charge अब निःशुल्क

नेपाल टेलिकमले ल्यान्डलाइन टेलिफोन (PSTN) सेवाका विभिन्न पूरक सेवाहरु (Supplementary Services) लिदा लाग्ने शुल्क (Activation Charge) हटाएको छ । यी सबै सुविधा लिदा पहिले केही शुल्क लाग्दै आएकोमा गत साउन १ देखि ती सुविधा निःशुल्क रुपमा उपलब्ध गराउन थालिएको छ ।

ल्यान्डलाइन टेलिफोनमा कसैले कल गरेकोमा कलरको नम्बर देखिने सुविधा (कलर आईडी) लिनका लागि सुरुमा शुल्क लाग्दै आएकोमा अब यो निःशुल्क भएको छ ।

त्यसैगरी आइएसडी (ISD) सेवा आफैले बन्द गर्न र खोल्न सकिने (Originating Restriction), बारम्बार डायल गर्नुपर्ने नम्बरलाई कुनै दुई अंकमा सेभ (Save) गरी सोही दुई अंक थिची नम्बर डायल गर्न सकिने (Abbreviated Dialling) र एउटामा आउने सम्पूर्ण कल अर्को नम्बरमा डाइभर्ट (Divert) हुने (Call Transfer) सुविधा पनि सोही मितिदेखि निःशुल्क भएको छ ।

त्यसैगरी टेलिफोन व्यस्त हुँदा आउने कल अर्को नम्बरमा डाइभर्ट (Divert) हुने (Busy Transfer), ६ पटकसम्म घण्टी बजेर पनि फोन नउठेमा अर्को नम्बरमा डाइभर्ट (Divert) हुने (No Answer Transfer), आवश्यक पर्ने समयमा अलार्म (Alarm) को रुपमा टेलिफोनमा घण्टी बजाउन वा समय सूचकको रुपमा प्रयोग गर्न सकिने वेक अप कल (Wake Up Call) र टेलिफोनमा कुरा भइरहेको बेला अर्को कल आएको थाहा पाउन प्रयोग गरिने कल वेटिङ (Call Waiting) सुविधा पनि निःशुल्क लिन सकिने भएको छ ।

टेलिफोन सेटमा आफूले राखेको लकिङ कोड (Locking Code) आफैले टेलिफोन सेटबाट परिवर्तन गर्दा समेत अब शुल्क नलाग्ने भएको छ ।

कलर आईडी सुविधा लिनका लागि नजिकको दूरसञ्चार कार्यालयमा सम्पर्क गर्नुपर्छ । अन्य सुविधा भने ग्राहकले आफै नै लिन सकिन्छ । यसका लागि कम्पनीले विभिन्न कोडको व्यवस्था गरेको छ । यसका लागि नजिकको दूरसञ्चार कार्यालयबाट थप जानकारी लिन सकिन्छ ।

## ल्यान्डलाइन फोन ...

(१ पेजको बाँकी)

गरिसक्ने कार्यक्रम रहेको छ। साथै त्यसपछि बाँकी ल्यान्डलाइन सेवालाई पनि क्रमश: आइपी बेस्ड प्रविधिमा रुपान्तरण गर्दै लैजाने लक्ष्य रहेको छ।

आइपी बेस्ड उपकरणबाट प्रतिस्थापन गरेपछि ल्यान्डलाइन प्रविधिको भ्वाइस तथा डाटा सेवाको गुणस्तरमा उल्लेखनीय सुधार हुनेछ। यस प्रविधि अन्तर्गतका एक्सचेन्जहरुबाट ग्राहकको मागअनुरुप एडीएसएल लाइन उपलब्ध गराउन समेत सम्भव हुनेछ। साथै भविष्यमा ल्यान्डलाइन सेवामा आधारित अन्य आधुनिक सेवा जस्तै : आईपीटीभी, भिडियो अन डिमान्ड (IPTV, Video On Demand) आदि सेवा समेत प्रदान गर्न मद्दत पुग्ने छ।

ल्यान्डलाइन सेवाको स्तरोन्नति कार्यको आरम्भ गर्दै कम्पनीका अध्यक्ष तथा सूचना तथा सञ्चार मन्त्रालयका सचिव महेन्द्रमान गुरुङ्गले प्रविधिमा भएको परिवर्तनलाई आत्मसात गर्दै ग्राहकलाई केन्द्र बिन्दुमा राखेर गुणस्तरीय सेवा सुविधा प्रदान गर्न र यसका लागि आक्रामक बजार रणनीति बनाई त्यसैअनुसार आगामी दिनमा कार्य गर्न आग्रह गर्नुभयो।

सो कार्यक्रममा नेपाल टेलिकमका प्रबन्ध निर्देशक कामिनी राजभण्डारीले २५ वर्ष अघि स्थापित डिजिटल प्रविधिका उपकरणलाई प्रविधिको विकासक्रम अनुरुप आधुनिक आईपी बेस्ड प्रविधिमा रुपान्तरण गरी उपभोक्ताको माग अनुरुपको भ्यालु एडेड सेवा समेत वितरण गर्न सकिने गरी स्तरोन्नति गर्न आरम्भ गरिएको बताउनु भयो।

कार्यक्रममा वायरलाइन तथा ग्राहक सेवा निर्देशनालयका निर्देशक देवनारायण यादवले



सेवा शुभारम्भ गर्दै कम्पनीका अध्यक्ष

सञ्चालनमा रहेका पीएसटीएन प्रविधि अन्तर्गतका सम्पूर्ण लाइनको रुपान्तरण कार्यक्रम अनुरुप समयमै सम्पन्न गर्ने प्रतिबद्धता व्यक्त गर्दै प्रविधि रुपान्तरण कार्यमा सहयोग गर्ने सम्पूर्ण पक्षलाई धन्यवाद दिनु भयो।

यसै सन्दर्भमा कम्पनीले कपन र कीर्तिपुर एक्सचेन्जका पुरानो टीडीएम प्रविधिका स्वीचिङ उपकरणलाई नयाँ प्रविधिको आईपी बेस्ड उपकरणबाट प्रतिस्थापन गरेको छ। कम्पनीले गत साउन १ गते कपन एक्सचेन्ज र साउन ४ गते कीर्तिपुर एक्सचेन्जमा सो प्रतिस्थापन कार्य सम्पन्न गरेको हो।

अब कीर्तिपुर एक्सचेन्जका ५ हजार ८ सय २३ लाइन र कपन एक्सचेन्जका ६ हजार ५ सय ३३ लाइन नयाँ प्रविधिमा प्रतिस्थापन भएका छन्। यसबाट अब ग्वार्को, कपन र कीर्तिपुरमा ग्राहकको मागअनुरुप एडीएसएल लाइन उपलब्ध गराउन सकिने भएको छ।

स्मरणीय छ, नेपालमा ल्यान्डलाइन प्रविधिको सेवा उपलब्ध गराउने नेपाल टेलिकम एक मात्र सेवाप्रदायक हो।

## धौलागिरिका विकट ...

(१ पेजको बाँकी)

त्यस्तै गरी गत दुई महिनाको अवधिमा धौलागिरि अञ्चलका सात नयाँ स्थानहरुमा १३ वटा टुजी तथा उच्च गतिको डाटा सेवा उपलब्ध हुने २ वटा थ्रिजी बीटीएस सञ्चालनमा ल्याइएको छ। म्याग्दीको तकाम, दाना र डुवा, पर्वतको लेखफाट र शंकरपोखरीकोट साथै बाग्लुङको तमान र दुधिलाभाटीमा बीटीएस सञ्चालनमा ल्याइएको हो।

यस मध्ये नेपाल टेलिकमले म्याग्दीको रघुगंगा गाउँपालिकाको केन्द्र पाखापानीमा ३० मिटरको ग्राउण्ड बेस्ड बीटीएस टावर स्थापना गरी २०७४ आषाढ २० गते देखि टुजी सेवा सञ्चालनमा ल्याएको छ। उक्त टावर सञ्चालन पश्चात पाखापानी, कोटडाँडा, ठाडाखानी, रायखोर, चिमखोला, दमिज र कुइनेमंगलेका बासिन्दाहरु तथा यस क्षेत्रमा आउने पर्यटकहरु मोबाइल सेवाबाट लाभान्वित हुनेछन्।

साथै बाग्लुङको पयूँपाटा खर्सेडाँडामा बीटीएस टावर स्थापना गरी २०७४ आषाढ २१ गतेदेखि टुजी तथा थ्रिजी सेवा सञ्चालनमा ल्याइएको छ। उक्त टावर सञ्चालन पश्चात पाङ, सहर्सधारा, नयाँपुल, अरमादी र छर्मकेका बासिन्दाहरु मोबाइल सेवाबाट लाभान्वित हुनेछन्। अब यस क्षेत्रका उपभोक्ताहरुले पनि जीएसएम मोबाइल मार्फत सहजै अन्य क्षेत्र तथा विश्व समुदायसँग सम्पर्क स्थापित गर्न सक्नेछन्।

यसैगरी बागलुङको बोहोरा गाउँमा टुजी सेवा अपग्रेड गरी थ्रिजी सेवा सञ्चालनमा ल्याइएको छ भने निसी भल्कोटमा पहिलोपटक टुजी सेवा सञ्चालनमा ल्याइएको छ।

## अनलाइनबाट ...

(१ पेजको बाँकी)

सबै विवरण भरेर बाई डाटा प्याक (Buy Data Pack) बटन थिचे पछि ग्राहकको मोबाइलमा आवश्यक डाटा प्याकेज उपलब्ध हुन्छ। यसका लागि मोबाइलमा आवश्यक ब्यालेन्स भने हुनु आवश्यक छ।

नेपाल टेलिकमको डाटा प्याकेज आफ्नो मोबाइलमा *1415# डायल गरेर पनि लिन सकिन्छ। त्यसैगरी १४१५ मा एसएमएस पठाएर पनि डाटा प्याकेज लिन सकिन्छ। तर ग्राहकको सुविधाका लागि अहिले अनलाइन माध्यमबाट समेत डाटा प्याकेज लिन सकिने व्यवस्था गरिएको हो। यसबाट ग्राहक वर्गलाई डाटा प्याकेज लिन थप सहज हुने अपेक्षा गरिएको छ।

नेपाल टेलिकमले हाल जीएसएममा रेगुलर, नाइट, फोरजी प्याक र फेसबुक डाटा प्याकेजको रुपमा विभिन्न अफर उपलब्ध गराएको छ। त्यसैगरी सीडीएमए सेवामा रेगुलर र नाइट डाटा प्याकेज उपलब्ध छ।

## कम्पनीको ग्राहक आधार ...

(१ पेजको बाँकी)

जेष्ठ मसान्तसम्म कम्पनीको डाटा सेवाका प्रयोगकर्ता ८३ लाख ९५ हजार ७ सय पुगेका छन्। यस अनुसार सीडीएमए डाटा सेवाका प्रयोगकर्ता १ लाख ३६ हजार ६ सय, जीएसएमका ८० लाख ५१ हजार ५ सय, वाइम्याक्सका १६ हजार ६ सय, डायल अपका ३ हजार ६ सय, एडीएसएलका १ लाख ८२ हजार र एफटीटीएचका ५ सय प्रयोगकर्ता छन्। त्यसैगरी इमेल प्रयोगकर्ता ४ हजार ८ सय रहेका छन्।

नेपाल दूरसञ्चार प्राधिकरणले प्रकाशित गरेको पछिल्लो (२०७३ चैत्र महिना) MIS Report अनुसार नेपाल टेलिकमको बजार हिस्सा अग्रस्थानमा छ। उक्त प्रतिवेदन अनुसार नेपाल टेलिकमको भ्वाइसमा ४९ प्रतिशत र डाटामा ५३.७७ प्रतिशत बजार हिस्सा रहेको छ। चैत्र महिनाको अन्त्यसम्म नेपाल टेलिकमको भ्वाइस सेवाको ग्राहक १ करोड ७१ लाख ६ हजार ८ सय र डाटा सेवाका प्रयोगकर्ता ८३ लाख ७ हजार ९ सय उल्लेख गरिएको छ।

# NTCWU को वार्षिकोत्सव सम्पन्न

नेपाल टेलिकम वर्कर्स युनियन (NTCWU) ले आफ्नो २६औं वार्षिकोत्सव विभिन्न कार्यक्रमको आयोजना गरी सम्पन्न गरेको छ।

गत साउन ६ गते कम्पनीको केन्द्रीय कार्यालयमा आयोजित वार्षिकोत्सव कार्यक्रममा प्रमुख अतिथिको रुपमा बोल्दै नेपाली कांग्रेसका केन्द्रीय सदस्य एवं सांसद बद्री पाण्डेले गुणस्तरीय र विश्वसनीय सेवा प्रदान गरी कम्पनीको आम्दानी बढाउन सुझाव दिनुभयो।

कार्यक्रममा नेपाली कांग्रेसका केन्द्रीय सदस्य एवं सांसद पुष्कर आचार्यले संसदले श्रम ऐन र सामाजिक सुरक्षा ऐन परिमार्जन गर्ने कार्य अन्तिम अवस्थामा पुऱ्याएको जानकारी दिँदै ट्रेड युनियन नेतृत्वले समय अनुसार आफूलाई परिमार्जन गर्नु पर्ने बताउनु भयो।

नेपाल टेलिकमका प्रबन्ध निर्देशक कामिनी राजभण्डारीले कम्पनीका सेवालाई थप विश्वसनीय बनाउनका लागि प्रविधि परिवर्तनको कार्य भइरहेको बताउनु भयो। उहाँले विशेष गरी डाटा सेवातर्फ ग्राहकको चाहना बढेको र त्यसैअनुसार कम्पनीले गत वर्षहरुभन्दा फरक तरिकाले अगाडि बढ्ने रणनीति लिएको बताउँदै कर्मचारी युनियन, व्यवस्थापन र कर्मचारीहरु एक भएर यस कार्यलाई सफल बनाउन आग्रह गर्नुभयो।

उक्त अवसरमा कम्पनी सञ्चालक समितिका सदस्य विनय कुमार चालिसे (सर्वसाधारण शेयरधनी) ले व्यवस्थापन र ट्रेड युनियनको एउटै आवाज भए ग्राहकसँग नजिक हुन सहयोग पुग्ने बताउदै टेलिकमका योजनाहरु समयमै सम्पन्न गर्नु पर्ने आवश्यकतामा जोड दिनुभयो।

उक्त कार्यक्रममा नेपाल ट्रेड युनियन कांग्रेसका अध्यक्ष खिलानाथ दाहाल, नेपाल सार्वजनिक सेवा कर्मचारी संघ (UPSIN) का अध्यक्ष जनार्दन भट्टराई, युएनआई एप्रोका डेपुटी सेक्रेटरी राजेन्द्र आचार्य, युएनआई नेपालका अध्यक्ष शंकर लामिछाने, नेपाल ट्रेड युनियन कांग्रेसका महासचिव महेन्द्रप्रसाद यादव, नेपाल प्रेस युनियनका महासचिव अजयबाबु शिवाकोटी, नेपाल राष्ट्रिय कर्मचारी संगठन, नेपाल टेलिकमका अध्यक्ष दामोदर के.सी., नेपाल टेलिकम कर्मचारी युनियनका अध्यक्ष राजकुमार मेहता र नेपाल दूरसञ्चार कर्मचारी संघका अध्यक्ष राजबहादुर रावलले वर्तमान अवस्थामा कम्पनीका चुनौती र यसका लागि युनियन र व्यवस्थापनले खेल्नुपर्ने भूमिकाका बारेमा आ-आफ्ना विचार व्यक्त गर्नुभएको थियो। कार्यक्रममा NTCWU का पूर्व अध्यक्षहरुले पनि व्यवस्थापन र युनियनको सहकार्य तथा कम्पनीको भविष्य बारेमा आफ्ना विचार प्रस्तुत गर्नुभएको थियो।

कार्यक्रममा काठमाडौं क्षेत्रीय निर्देशनालय अन्तर्गतका कार्यालयमा कार्यरत कर्मचारीका सन्तती मध्ये २०७३ सालको एसईई परीक्षामा सर्वोत्कृष्ट अंक प्राप्त गर्ने एक-एक जना छात्र तथा छात्रालाई पुरस्कार तथा प्रमाणपत्र वितरण गरिएको थियो। कम्पनीमा २० वर्षसम्म तह एकमा काम गर्ने कर्मचारीहरुलाई पनि सम्मान गरिएको थियो। त्यसैगरी वार्षिकोत्सवको अवसरमा आयोजना गरिएका विभिन्न अतिरिक्त क्रियाकलापका विजेता तथा रक्तदान कार्यक्रममा सहभागीहरुलाई पुरस्कार तथा प्रमाणपत्र समेत वितरण गरिएको थियो।

वार्षिकोत्सव कार्यक्रम नेपाल टेलिकम वर्कर्स युनियन (NTCWU) का अध्यक्ष राजेन्द्र प्रसाद दाहालको अध्यक्षतामा सम्पन्न भएको थियो। अध्यक्ष दाहालले आगामी दिनमा व्यवस्थापन, युनियन र सबै कर्मचारी मिलेर कम्पनीका समस्याहरुको समाधान गर्नुपर्ने बताउँदै कम्पनी व्यवस्थापनले पूरा गर्ने प्रतिबद्धता गरेका कुराहरुलाई समयमा नै टुंग्याउनुपर्नेमा जोड दिनुभयो।

# आगामी तालिम कार्यक्रम तय



तालिम कार्यक्रम सम्बन्धी छलफल गरिदै

नेपाल टेलिकम दूरसञ्चार तालिम केन्द्रले चालु आर्थिक वर्षमा १ सय १४ वटा तालिम कार्यक्रम सञ्चालन गरी २ हजार ९० जना कर्मचारीलाई तालिम दिने कार्यक्रम तय गरेको छ। दूरसञ्चार तालिम केन्द्रमा गत साउन ७ गते आयोजित उच्चस्तरीय तालिम व्यवस्थापन समितिको बैठकले सो कार्यक्रम पारित गरेको हो। उक्त बैठकमा आ.व. ०७३/७४ मा सम्पन्न भएका तालिम कार्यक्रमको समीक्षा पनि गरिएको थियो।

तालिम केन्द्रले गत आर्थिक वर्षमा विभिन्न Wing अन्तर्गत ८२ वटा तालिम कार्यक्रम सम्पन्न गरी १ हजार ४ सय २८ कर्मचारीलाई तालिम प्रदान गरेको थियो। कार्यक्रमका आधारमा तालिम केन्द्रले ७४.५३ प्रतिशत र तालिम लिने कर्मचारी संख्याका आधारमा ७२.०२ प्रतिशत लक्ष्य हासिल गरेको छ। उक्त अवसरमा तालिमका लागि अनलाइन फारामहरु कम प्राप्त हुनु र स्थानीय तहको निर्वाचनका कारण पनि अपेक्षित लक्ष्य हासिल गर्न नसकिएको जानकारी प्रदान गरिएको थियो।

उक्त छलफल कार्यक्रममा बोल्दै उच्चस्तरीय तालिम व्यवस्थापन समितिका अध्यक्ष एवं कम्पनीका प्रबन्ध निर्देशक कामिनी राजभण्डारीले कम्पनीले निर्धारण गरेको लक्ष्य प्राप्तिमा सहयोग पुग्ने खालका तालिम आयोजना गर्न निर्देशन दिनुभयो। उहाँले ग्राहक गुनासो सम्बोधन, बजार व्यवस्थापन र कम्पनीका सेवाको बारेमा आवश्यक जानकारी प्रदान गर्न सक्षम हुनका साथै स्वयं कर्मचारीको वृत्ति विकासमा समेत सहयोग पुग्ने गरी विभिन्न विषयमा तालिम सञ्चालन गर्न तालिम केन्द्रलाई निर्देशन दिनु भयो।

उक्त छलफल कार्यक्रममा बोल्दै दूरसञ्चार तालिम केन्द्रका प्रमुख रमानन्द लाल कर्णले तालिमलाई विकेन्द्रीत गरी आगामी दिनमा क्षेत्रीय स्तरमा समेत तालिम प्रदान गर्नका लागि आवश्यक तयारी गर्ने र आगामी दिनमा अझै प्रभावकारी बनाउने प्रतिवद्धता व्यक्त गर्नुभयो।

छलफल कार्यक्रममा उपस्थित नायब प्रबन्ध निर्देशक, निर्देशक तथा विभागीय प्रमुखहरुले तालिम कार्यक्रमको गुणस्तर अभिबृद्धि गर्न तथा नयाँ प्रविधि सम्बन्धी जानकारी गराउन कर्मचारीहरुलाई ब्यावहारिक तालिम दिनुपर्ने र सेमिनार, गोष्ठी जस्ता कार्यक्रमहरु समय समयमा आयोजना गर्न सुझाव दिनुभएको थियो।

सो अवसरमा कम्पनीमा क्रियाशिल कर्मचारी युनियनका अध्यक्षहरुले तालिमको लक्ष्य पूरा हुन नसक्नुका कारण पहिचानको आवश्यकतामा जोड दिदै प्रत्येक कर्मचारीलाई ग्राहक सेवा, सेवाको विस्तार एवं बस्तु तथा सेवाको बारेमा आवश्यक जानकारीमूलक तालिम प्रदान गर्नुपर्ने बताउनु भयो।

कार्यक्रममा तालिम केन्द्रद्वारा सञ्चालित विभिन्न Wing का प्रमुखहरुले आ-आफ्नो Wing को तालिम कार्यक्रमबारे जानकारी दिनुभएको थियो।

## कलर ट्युन सेवा लिने तरिका

नेपाल टेलिकमले उपलब्ध गराएको कलर ट्युन सेवा (CRBT) सब्सक्राइब गर्ने निम्न तरीकाहरु रहेका छन्:

- एसएमएस (SMS) मार्फत : कुनै Keyword टाइप गरी १४५५ मा SMS पठाउनुहोस्। जस्तैः सब्सक्राइब गर्न : Sub, अनसब्सक्राइब गर्न : Unsub, ट्युन डाउनलोड गर्न : Sub tone_id, उदाहरण : Sub 0692464।
- आईभीआर (IVR) मार्फत :

आईभीआर डायलिङ कोड : १४५५ डायल गरी विभिन्न समूह (टप १०, नेपाली गीतहरु आदि) का कलर ट्युनहरु देख्न, सुन्न सकिन्छ। प्रयोगकर्ताले कुनै एउटा समूह रोज्न सक्नुहुनेछ। कुनै एउटा समूह छानिसकेपछि सो समूह अन्तर्गतका गीतहरुको सूची देखिन्छ। प्रयोगकर्ताले सबै कलकर्ताहरु र विशेष कलकर्ताहरुका लागि कुनै एउटा गीत सब्सक्राइब गर्न सक्नु हुन्छ। प्रयोगकर्तासँग आईभीआरबाट अनसब्स्क्राइब गर्ने विकल्प पनि छ।

- कपि गर्नका लागि *9 : कुनै CRBT सेवा सदस्यता नलिएको व्यक्तिले CRBT सेवाको ग्राहकलाई फोन गर्दा सीआरबीटी ट्युन भन्दा अघि '*9 थिची कलर ट्युन कपि गर्नुहोस्' भन्ने सन्देश सुनिन्छ। प्रयोगकर्ताले *9 थिची कलर ट्युन खरिद गर्न सक्नु हुन्छ।
- यूएसएसडी (USSD) मार्फत : प्रयोगकर्ताले *1455# डायल गरी विभिन्न समूह हेर्न सक्छन्। प्रयोगकर्ताले कुनै एक समूह छनौट गर्न सक्छन्। कुनै एक समूह छनौट गरिसकेपछि गीतहरुको सूची हेर्न सकिन्छ। प्रयोगकर्ताले सबै कलरहरु र विशेष कलरहरुको लागि कुनै एउटा गीत सब्सक्राइब गर्न पाउँछन्। यूएसएसडी (USSD) सेवाबाट अनसब्स्क्राइब पनि गर्न सकिन्छ।

## Notice Board Service

एउटै सूचना वा सन्देश धेरै मानिस समक्ष पुऱ्याउनका लागि यो सेवा अत्यन्त उपयोगी हुन्छ। यो सेवामा भ्वाइस मेल बक्सलाई सूचना पाटीका रुपमा प्रयोग गर्न सकिन्छ। यो सेवा प्रयोग गरी प्रसारित गर्नुपर्ने सूचनालाई सूचना बोर्डमा रेकर्ड गराउन सकिन्छ र सम्बन्धित मानिसहरुले टेलिफोन गरी जानकारी प्राप्त गर्न सक्छन्।

यो सेवा विभिन्न संघ संस्था तथा स्कुल, कलेज, बैंकलगायतका कार्यालयहरुले बिदा वा आफ्ना अन्य सेवाका बारेमा जानकारी दिनका लागि प्रयोग गरिरहेका छन्।

# मोबाइल एप्प मार्फत म्युजिक स्ट्रिमिङ सेवा



नेपाल टेलिकम र म्युजिक नेपाल प्रा.लि.को सहकार्यमा मोबाइल एप्प मार्फत म्युजिक स्ट्रिमिङ सेवाको औपचारिक रुपमा शुभारम्भ गरिएको छ। नेपाली संगीत क्षेत्रका गायक, संगीतकार, रचनाकार तथा उत्पादकहरुको उपस्थितिमा गत साउन १ गते कम्पनीका प्रमुख व्यावसायिक अधिकृत प्रदिपराज उपाध्यायले सो सेवाको शुभारम्भ गर्नु भयो।

श्री उपाध्यायले मोबाइल एप्पमार्फत स्ट्रिमिङ सेवाको शुभारम्भ गर्दै राष्ट्रको सञ्चारको रुपमा रहेको नेपाल टेलिकम र देशकै अग्रणी संगीत उत्पादक कम्पनी म्युजिक नेपाल मिलेर नेपाली संगीतलाई केन्द्रित गरी मोबाइल एप्प उपलब्ध गराउन सफल भएकोमा खुशी व्यक्त गर्नु भयो। उहाँले मोबाइल प्रयोगकर्ताका बीचमा यो एप्प लोकप्रिय हुने विश्वास व्यक्त गर्दै आगामी दिनमा यसलाई थप सुविधासहित परिमार्जित गरिने बताउनु भयो।

म्युजिक नेपालका प्रबन्ध निर्देशक सन्तोष शर्माले नेपाल टेलिकमका करिब १ करोड ५० लाख उपभोक्तामार्फत देशभर नेपाली संगीत उपलब्ध गराउन पाएकोमा खुशी व्यक्त गर्नुभयो। उहाँले यो सहकार्यबाट संगीत क्षेत्रको आधिकारिक एप्पको रुपमा म्युजिक नेपाल एप्पले विश्वास जित्ने आशा व्यक्त गर्नुभयो।

कम्पनीका प्रवक्ता प्रतिभा बैद्यले म्युजिक नेपाल एप्पमार्फत संगीत प्रेमी र कलाकारलाई नेपाली संगीत प्रवर्द्धनका लागि थप प्रोत्साहित गर्न भूमिका खेल्नुका साथै नेपाल टेलिकमको व्यवसाय विस्तारमा समेत सघाउ पुग्ने बिचार व्यक्त गर्नुभयो।

म्युजिक स्ट्रिमिङ सेवाबाट ग्राहकले एउटै प्लेटफर्ममार्फत असीमित संगीतको आनन्द लिन सक्नेछन्। म्युजिक नेपाल मोबाइल एप्प डाउनलोड गरी सो मार्फत कुनै पनि विधामा अहिलेका लोकप्रिय गीतहरु मात्र नभई पुराना सदावहार नेपाली गीतहरु पनि चौबिसै घण्टा सुन्न सकिने छ। त्यति मात्र नभई आफ्नो रुची अनुसारका गीतहरु छान्न, सूची बनाउन र संग्रहित गर्न पनि सकिने छ। आफूले रुचाएका गीतहरु फेसबुकमार्फत साथीभाईहरुसँग सेयर गर्न पनि सकिने छ।

यो सेवा नेपाल टेलिकमका ग्राहकलाई मात्र उपलब्ध हुनेछ भने २०७४ श्रावण मसान्तसम्मको लागि उपभोक्ता शुल्क नलिई सेवा उपलब्ध गराइने छ। त्यस पछि भने ग्राहकले शुल्क तिरेर साप्ताहिक वा मासिक रुपमा सेवा प्राप्त गर्न सक्नेछन्। डाउनलोड गरेको एप्प खोलेर आफ्नो मोबाइल नम्बर राख्नासाथ प्राप्त हुने पिन नम्बरलाई भेरिफाई गरी यसको प्रयोग गर्न सकिन्छ।

मोबाइल डाटा प्रयोग गरी गीत डाउनलोड गर्दा डाटा शुल्क भने लाग्नेछ। साथै वाइफाई प्रयोग गरेर पनि कम्पनीका ग्राहकले संगीतको आनन्द लिन सक्नेछन्।

हाललाई यो सेवा एन्ड्रोइड मोबाइलमा उपलब्ध हुनेछ भने छिट्टै नै आइओएसमा समेत उपलब्ध गराइने छ। यो सेवा मार्फत हाललाई नेपाली आधुनिक तथा सदावहार गीत संगीतहरु मात्र उपलब्ध भए पनि निकट भविष्यमा विदेशी गीत संगीतहरु समेत उपलब्ध हुनेछन्।

# सार्वजनिक सवारीमा एनटी बस इन्टरनेट

नेपाल टेलिकम र साइबरनेटिक्सको सहकार्यमा बसलगायतका सार्वजनिक सवारी साधनमा एनटी बस इन्टरनेट चलाउन सकिने भएको छ। गत २०७४ असार १२ गते सो कार्यको शुभारम्भ गरिएको छ।

मुलुकभर सञ्चालन हुने लामो तथा छोटो दूरीका सवारी साधनहरुमा यात्रा गर्ने यात्रुहरुले इन्टरनेट सेवा सहज रुपले प्रयोग गर्न सकुन् भन्ने उद्देश्यले टेलिकम र साइबरनेटिक्स प्रा.लि.का बीच एनटी बस इन्टरनेट सञ्चालन सम्बन्धमा सम्झौता सम्पन्न भएको थियो। सम्झौता पत्रमा नेपाल टेलिकमको तर्फबाट प्रमुख व्यावसायिक अधिकृत प्रदिपराज उपाध्याय र साइबरनेटिक्स प्रा.लि. को तर्फबाट अध्यक्ष जेम्स न्याछ्योँले हस्ताक्षर गर्नुभएको थियो।

एनटी बस इन्टरनेट सेवा सञ्चालनको शुभारम्भ कार्यक्रममा कम्पनीका कर्पोरेट तथा व्यावसायिक रणनीति विभागका प्रबन्धक प्रतिभा बैद्यले यस सहकार्यबाट लामो तथा छोटो दूरीका बस यात्रुहरुले यात्राका क्रममा वाइफाई मार्फत निःशुल्क इन्टरनेट, भिडियोलगायत मल्टिमिडिया सेवा उपभोग गर्न सक्ने बताउनु भयो।

उक्त अवसरमा साइबरनेटिक्सका अध्यक्ष जेम्स न्याछ्योँले एनटी बस इन्टरनेट सेवा सम्बन्धी विस्तृत जानकारी गराउनु भएको थियो।

एनटी बस इन्टरनेट सेवा मुलुकका ७५ वटै जिल्लामा सञ्चालन हुने लामो तथा छोटो दुरीका सवारी साधनहरुमा प्रयोग गर्न सकिनेछ। यो सीडीएमए प्रविधिबाट सञ्चालन हुने भएकोले नेपाल टेलिकमको सीडीएमए नेटवर्क भएको जुनसुकै ठाउँमा पनि यो सेवा लिन सकिन्छ। यसका लागि बस कम्पनीहरुले साइबरनेटिक्ससँग सम्पर्क गरी सो सुविधा प्राप्त गर्नुपर्छ।

एनटी बस इन्टरनेट सेवाबाट कुनै पनि सवारी साधनहरु जस्तै : बस, माइक्रोबस, कार आदिमा यात्रा गर्दा सरल र सुलभ तरिकाले इन्टरनेट चलाउन सकिन्छ। एनटी बस इन्टरनेट सेवाबाट यात्रुहरुले आफ्नो स्मार्टफोन, ल्यापटप, ट्याबलेट आदिमा वाइफाई कनेक्ट गरी इन्टरनेट चलाउन सकिनेछ। एनटी बस इन्टरनेट डिभाइसको आफ्नै इन्टरनल स्टोरेज हुने भएकोले अफलाइनमा पनि फिल्म, भिडियो, गीतहरु सुन्न र हेर्नको साथसाथै गेम एवं एप्स पनि निःशुल्क डाउनलोड गर्न सकिन्छ। साथै आफ्नो सवारी साधन कहाँ छ, सोको जानकारी




जीपीएस प्रविधि मार्फत कुनै पनि क्षण कार्यालयबाट नै पत्ता लगाउन सकिनेछ।

यो सेवा शुरु गर्ने सवारी साधनलाई एकपटकको लागि निःशुल्क रिम कार्ड सहित १० जिबी डाटा नेपाल टेलिकमले उपलब्ध गराउँछ।

# विभिन्न सेवामा प्रमोसनल अफर

नेपाल टेलिकमले जीएसएम/सीडीएमए तथा एडीएसएल/एफटीटीएच सेवाका ग्राहकहरुका लागि प्रमोसनल अफर (Promotional Offer) उपलब्ध गराएको छ। त्यसैगरी विदेशबाट आएको कल उठाउदा पनि अब बोनस प्राप्त गर्न सकिने छ।

यो अफर २०७४ श्रावण १६ गते देखि लागू भएको छ र ९० दिनसम्म उपलब्ध गराइने छ। यो अफर अन्तर्गतको सेवा पुराना ग्राहकहरुलाई समेत उपलब्ध हुनेछ।

अफर अन्तर्गत अब १ एमबीपीएससम्म गतिको एडीएसएल इन्टरनेट कर सहित मासिक रु. १०००।- मा उपलब्ध हुनेछ। पहिले मासिक १०१७।- मा २५६ केबीपीएस गतिको एडीएसएल उपलब्ध थियो।

त्यसैगरी भोल्युम बेस्ड एडीएसएलको मूल्य पनि घटाइएको छ। पहिले २१ जीबी डाटाको लागि रु. १९८०।- शुल्क लिइएकोमा अब १५ जीबी डाटा रु. ३००।- मै उपलब्ध हुनेछ। त्यसैगरी २५ जीबी डाटाको रु. ५००।- र ४० जीबी डाटाको मूल्य रु. ७००।- मात्र तोकिएको छ। यी डाटाको गति १ एमबीपीएस सम्म हुनेछ।

त्यसैगरी दर्ता शुल्क पनि घटाइएको छ। पहिले दर्ता शुल्क कर बाहेक रु. ५००।- भएकोमा अब भोल्युम बेस्ड डाटाको लागि कर बाहेक रु. ३००।- र अनलिमिटेड डाटाको लागि रु. २००।- मात्र दर्ता शुल्क तोकिएको छ।

यस्तै अब पहिलेकै मूल्यमा पहिले भन्दा डबल भोल्युमको एफटीटीएच सेवा प्राप्त गर्न सकिने छ। सो अनुरुप १० एमबीपीएस गतिको एफटीटीएच प्याकेज अन्तर्गत ३ महिनाका लागि २४० जीबी, ६ महिनाका लागि ५०० जीबी र १२ महिनाका लागि १२०० जीबी डाटा पहिलेकै मूल्यमा प्रयोग गर्न सकिने छ। त्यसैगरी १०० एमबीपीएस गतिको प्याकेज अन्तर्गत १२ महिनाका लागि १२०० जीबी डाटा प्रयोग गर्न सकिने छ।

साथै विदेशबाट आएको कल उठाउदा पनि अब बोनस प्राप्त गर्न सकिने छ। जीएसएम/सीडीएमए प्रिपेड र पोष्टपेडका ग्राहकले एक सातामा ७ मिनेट वा त्यो भन्दा बढी कल रिसिभ गर्दा नेपाल टेलिकमको नेटवर्क भित्र ७ मिनेट भ्वाइस कल गर्न र ७ वटा एसएमएस निःशुल्क पठाउन सक्ने छन्।

# सामुदायिक विद्यालयमा आईसीटी सेन्टर

भूकम्पबाट अति प्रभावित ६ जिल्लाका सामुदायिक विद्यालयहरुमा नेपाल टेलिकमको सहयोगमा आ.व. २०७३/७४ मा सूचना प्रविधि केन्द्र (आईसीटी सेन्टर) स्थापना गरिएको छ।

नेपाल टेलिकमले यी विद्यालयमा आईसीटी सेन्टर स्थापनाका लागि कम्प्युटर, प्रिन्टरलगायतका अन्य आवश्यक उपकरण उपलब्ध गराई मासिक रुपमा ३० जीबी डाटा भोल्युमको इन्टरनेट सुविधा २ वर्षसम्म निःशुल्क उपलब्ध गराउने व्यवस्था समेत गरेको छ।

कम्पनीले शारदा मा.वि. प्याउली भोजपुर, रत्नचुण्डेश्वर मा.वि. पानीमुण्डे बनेपा, सगरमाथा मा.वि. ओखलढुङ्गा, कन्यादेवी आधारभूत विद्यालय कल्याणपुर नुवाकोट र सेतिदेवी मा.वि. सालु रामेछापमा आईसीटी सेन्टर स्थापना गर्न सहयोग गरेको हो। सोलुखुम्बुको जीवन ज्योति मा.वि. नेलमा पनि केही समयमै आवश्यक उपकरण जडान गरी




सेवा सञ्चालन गर्ने तयारी छ।

नेपाल टेलिकमले गत आ.व. २०७२/७३ मा पनि पशुपति कन्या मा.वि. चरिकोट दोलखा, ज्ञानमन्दिर नमूना मा.वि. मेलचौर सिन्धुपाल्चोक, दशरथचन्द मा.वि. छत्रेदेउराली धादिङ, रसुवा उच्च मा.वि. धुन्चे रसुवा र विन्द्रावति उच्च मा.वि. मसेल गोरखामा यस प्रकारको आईसीटी सेन्टर स्थापना गरी सेवा सञ्चालन समेत भइरहेको छ।

कम्पनीले संस्थागत सामाजिक उत्तरदायित्व अन्तर्गत मिति २०७२ बैशाख १२ र २९ गतेको विनाशकारी भूकम्पबाट अति प्रभावित १४ जिल्ला मध्ये काठमाडौं, ललितपुर र भक्तपुरबाहेक अन्य ११ जिल्लामा आईसीटी सेन्टर स्थापना गर्ने निर्णय गरेको थियो। सो अनुरुप नुवाकोट, काभ्रेपलान्चोक, ओखलढुंगा, रामेछाप, सोलुखुम्बु, दोलखा, सिन्धुपाल्चोक, धादिङ, रसुवा, गोरखा र भोजपुर जिल्लाका एक/एक वटा सामुदायिक विद्यालयमा आईसीटी सेन्टर स्थापना गरिएको छ। यी आईसीटी सेन्टरमा विद्यार्थी तथा शिक्षकले इन्टरनेट मार्फत विभिन्न सुविधा उपभोग गर्न सक्ने छन्।

**सुझाव तथा प्रतिक्रिया पठाउने ठेगानाः नेपाल टेलिकम, प्र.व्या.अ.का., सूचना तथा प्रकाशन शाखा, दूरसञ्चार भवन, भद्रकाली प्लाजा**
e-mail: newsntc@yahoo.com **फोनः ४२१०३७८, फ्याक्स : ४२१०३७९, यो** News Letter www.ntc.net.np **मा पनि हेर्न सकिन्छ।**

Published by: Nepal Telecom, Office of CCO, Information & Publication Section, Co-ordinator : **Pratibha Vaidya** Joint Co-ordinator : **Shobhan Adhikari**
Editor : **Laxman Adhikari,** Editorial Team : **Eka Raj Subedi, Meghanath Dhakal**